**श्री**

**राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम पुल्चोक ललितपुर**

**इजलास**

**माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना**

**लेखा सदस्य श्री बासुदेव खनाल**

**फैसला**

२०७९/०८० सालको निर्णय नं. ३१६

पुनरावेदन नं. ०७७-RB-०४४१

पुनरावेदन दर्ता मितिः २०७७।१०।०७

**मुद्दाः–मूल्य कायम गरिएको (M ७१२९६)।**

| | |
|---|---|
| गणबहाल, काठमाडौं स्थित जि.ओ. अटोमोबाइल्स प्रा.लि., काठमाडौं (स्थायी लेखा नं.३०२५९७७०९) को तर्फबाट अधिकारप्राप्त सो कम्पनीका बित्त प्रबन्धक तेजकरण सिंघी.......................................................................................१ | पुनरावेदक |

**विरुद्ध**

| | |
|---|---|
| बीरगंज भन्सार कार्यालय.......................................................................१<br>मूल्यांकन पुनरावलोकन समिति, त्रिपुरेश्वर, काठमाण्डौ....................................१ | प्रत्यर्थी |

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

निर्णय गर्ने कार्यालय :- बीरगंज भन्सार कार्यालय

शुरु कार्यालयको निर्णय मिति :- २०७३।०३।२१

**पुनरावलोकन निर्णय गर्ने कार्यालय र अधिकारी**

निर्णय गर्ने कार्यालय :- मूल्याङ्कन पुनरावलोकन समिति, त्रिपुरेश्वर, काठमाण्डौ

निर्णय गर्ने पदाधिकारीहरू :- अध्यक्ष श्री रामेश्वर दंगाल

:- सदस्य श्री शिशिर घिमिरे

:- सदस्य श्री श्रीधर गौतम

निर्णय मिति :- २०७७।०४।१६

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट :- विद्धान वरिष्ठ अधिबक्ता श्री चण्डेश्वर श्रेष्ठ

:- विद्धान अधिबक्ता श्री नितेश श्रेष्ठ

प्रत्यर्थी कार्यालयहरुका तर्फबाट :- विद्धान सहायक न्यायाधिबक्ता श्री संगिता थोकर

**अवलम्वित नजीरः ×**

मूल्याङ्कन पुनरावलोकन समिति, त्रिपुरेश्वर, काठमाडौंको मिति २०७७।०४।१६ मा भएको निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) तथा भन्सार ऐन, २०६४ को दफा ६२(१) बमोजिम पैठारीकर्ताले पेश गरेको पुनरावेदन पत्र यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको हुंदा प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं न्यायाधिकरणको ठहर यस प्रकार रहेको छः-

**तथ्य खण्ड**

१. जि.ओ.अटोमोवाइल्स प्रा.लि.,थापाथली, काठमाण्डौ (स्थायी लेखा नं. ३०२५९७७०९) ले वीजक नं. १६-०२२, १६ तारिख २६ अप्रिल २०१६ मा पैठारी गरेका FORD RANGER, DOUBLE CAB, 3.2L (3198CC)4x4, 6MT, RHDMODEL CODE IXBX9B60002 जम्मा ३ वटा सवारी साधनको भन्सार ऐन, २०६४ को दफा १३ (३) वमोजिम भन्सार मूल्य निर्धारणको लागि २०७३।०२।१६ मा निवेदन सहित पेश गरेको।

२. जि.ओ. अटोमोवाइल्स प्रा. लि., थापाथली, काठमाण्डौ (स्थायी लेखा नम्बर ३०२५९७७०९) ले वीजक नं. १६-०२२, १६ तारिख २६ अप्रिल २०१६ मा पैठारी गरेका थाइल्याण्डमा निर्मित FORD RANGER, DOUBLE CAB, 3.2L (3198CC)4x4, 6MT, RHDMODEL CODE IXBX9B60002 जम्मा ३ वटा सवारी साधनको भन्सार ऐन, २०६४ को दफा १३ (३) वमोजिम भन्सार मूल्य निर्धारणको लागि २०७३।०२।१६ मा निवेदन सहित पेश भएको वीजक तथा सम्वन्धित कागजात समेत अध्ययन गर्दा वास्तविक कारोवार मूल्य यकिन हुननसकी आर्थिक विधेयक, २०७३ को भन्सार सम्वन्धि अनुसूचि १ को दफा १२(१) खण्ड (क) वमोजिम उत्पादक कम्पनी, आधिकारिक विक्रेता र नेपाल स्थित आधिकारिक विक्रेता वीच भएको त्रिपक्षीय संझौता Quotation list, purchase Order, Individual Purchase Contract, Cost Sheet मा उल्लेखित Administrative Overhead, selling Expenses/Trade Discount, Margine for Dealer, Net Expected margin मा पूर्ण पुष्टयाई समेत थप कागजात तथा प्रमाण पेश गर्न भन्सार ऐन, २०६४ को दफा १३(६) वर्मोजिम जि.ओ. अटोमोवाइल्स प्रा.लि., थापाथली, काठमाण्डौ, स्थायी लेखा नम्वरः ३०२५९७७०० लाई वीरगंज भन्सार कार्यालयले च.नं.१९१ मिति २०७३।०२।२१ मा पठाएको पत्र।

३. वीरगंज भन्सार कार्यालयले च.नं.१९१ मिति २०७३।०२।२१ मा पठाएको पत्रको जवाफ जि.ओ. अटोमोवाइल्स प्रा.लि., थापाथली, काठमाण्डौको तर्फवाट Purchase Contract, Cost Sheet, Sell Invoice का नक्कल समेत राखी वीरगंज भन्सार कार्यालयमा द.नं.३६०० मिति २०७३।०२।२८ मा दर्ता गराएको।

४. जि.ओ.अटोमोवाइल्स प्रा.लि., थापाथली, काठमाण्डौको तर्फवाट पेश भएको द.नं. २६०० मिति २०७३।०२।२८ को निवेदन (जवाफ) मा चित्त नवुझेकोले FORD THAILAND को आधिकारिक डिलरवाट खरिद नगरी FORD THAILAND RM ASIA (HK) Ltd हुँदै खरिद गर्नुको कारण, सोही कम्पनीको त्यस्तै क्षमता र प्रकृतिका गाडीको फिलिपिन्स, थाइल्याण्ड र मलेशियामा क्रमशः USD 24317.94, 2086.90 THAILAND को 2015 MODEL को USD 26083 र 25819.82 रहेको देखिँदा तपाइले घोषणा गर्नुभएको USD 19015 ज्यादै कम भएको साथै FORD RANGER र TOYATA HYLUX प्रतिस्पर्धि अन्तर्राष्ट्रिय ब्राण्ड भएरपनि क्षमताको कारण FORD RANGER नै अन्तर्राष्ट्रिय वजारमा महंगो हुने तर नेपालमा TOYATA HYLUX भन्दा निकै कम मूल्यमा आयात भएको देखिएकोले थप प्रष्ट पार्न वीरगंज भन्सार कार्यालयले च.नं. २१६ मिति २०७३।०३।०२ मा पुनः पत्र पठाएको।

५. Ford Moters कम्पनीको नियमानुसार नै FORD THAILAND RM ASIA (HK) Ltd वाट खरिद गरेको, India वाट मात्र नभई जहाँवाट पनि Ford गाडीहरु खरिद गर्नसकिने आफ्नो अनुमतिपत्र रहेको, स्थानीय कर, गाडीमा निहित फिचर्स, विक्रेता कमिशन तथा सम्पूर्ण Overhead Cost जोडिएको कारण WEB SITE मा उल्लेखित गाडीको मूल्य वढी भएको हो। स्थानीय वजारको माग, गाडीको standard र Features को ख्यालै नगरी हामीले यहाँको वजारका लागि आयात गरेको न्यून फिचर्सका गाडीहरुसंग मूल्य तुलनाको औचित्य छैन। सर्वप्रथमा WEB SITE मा बुझिएका गाडीहरुको Features के के हो बुझ्नुपर्छ। हाम्रो मुलुकको लागि निर्माण हुने सवारी साधन हाम्रो वजारको माग वमोजिम न्यून फिचर्सको रहेको हुँदा तुलना गर्न नमिल्ने साथै अन्तर्राष्ट्रिय वजारमा ब्राण्ड र ख्यातिवारे सवैलाई जानकारी हुने र ब्राण्डेड वस्तुको मूल्यसंग अन्य वस्तुको मूल्य तुलना जायज नहने तथा HILUX मा जडान भएका फिचर्स हाम्रोमा नहुने र वीजक मूल्यमा शंका भए भन्सार ऐन, २०६४ को दफा १३(१५)(ख) वमोजिम भन्सारले नै खरिद गरिदिनु भन्ने समेत बेहोराको पैठारीकर्ताले मिति २०७३।०३।०८ मा वीरगंज भन्सार कार्यालयममा पेश गरेको जवाफ।

६. आर्थिक विधेयक, २०७३ को भन्सार सम्वन्धि अनुसूचि १ को दफा १२(१) खण्ड (क) वमोजिम उत्पादक कम्पनी, विदेश स्थित आधिकारिक विक्रेता र नेपाल स्थित आधिकारिक विक्रेता वीच भएको Terms and Condition, Pricing Reporting

लगायत त्रिपक्षीय संझौता, तपाईंले आयात गर्नुभएको सवारी साधनको Detail Technical Specification with Standard Option पेश गर्नुहुन साथै Multinational Company ले उत्पादन गर्ने सवारी साधनको प्रकृति र विशेषताहरु सारभूत रुपमा समान हुन्छ र मूल्यपनि जुनसुकै देशमा निर्यात गरेपनि समान नै हुन्छ। Ford Company का गाडीहरुपनि विश्वभर निर्यात हुन्छ। नेपालजस्तो सानो वजारको लागि छुट्टै Plant राखी फरक वा न्यून फिचर्सका कम मूल्यका सवारीसाधन आयात गरेको जिकिर उपयुक्त नभएको, तपाईंले आयात गर्नुभएको जस्तो गाडीमा भन्सार महशुल, अन्तशुल्कः र मूल्य अभिबृद्धि कर क्रमशः ३०%, ६०% र १३% लाग्छ। कम मूल्यमा पैठारी भएपछि सो सवारी साधनमा मूल्यनै घटी हुनेभएकोले नेपाल सरकारको कुनै निकायलाई विक्री गरेकै आधारमा घोषित मूल्यलाई मान्न नसकिने, र www.thailand.carpay.com,www.carbay.vn,www.carbay.my,www.autodeal.com.ph समेतवाट मूल्य वुझ्दा TOYATA HYLUX प्रतिस्पर्धि अन्तरराष्ट्रिय व्राण्ड भएर पनि क्षमताको कारण FORD RANGER अन्तर्राष्ट्रिय वजारमा महंगो देखिएको तर नेपालमा TOYATA HYLUX USD 24500.00 मा पैठारी भएको मूल्य भन्दा निकै कम मूल्यमा FORD RANGER USD 19015.00 मा आयात भएको देखिएकोले थप प्रष्ट पार्न वीरगंज भन्सार कार्यालयको च.नं. २२७ मिति २०७३।०३।०९मा पैठारीकर्तालाई पुनः तेश्रो पटक पत्र पठाएको।

७. उत्पादक कम्पनी, विदेश स्थित आधिकारिक विक्रेता र नेपाल स्थित आधिकारिक विक्रेता बीच भएको त्रिपक्षीय संझौता, सवारी साधनको Detail Technical Specification with Standard Option यस अघिपनि पेश गरिएको, नेपालको वजारको माग र दैनिक हुने प्रतिस्पर्धा अनुसार उत्पादनको Standard, फिचर्सहरु थप घट हुनसक्ने भएकोले प्रत्येक मुलुकको Demand अनुसार मूल्य निर्धारण हुने, Web Site हरुमा मूल्य तुलना गर्दा उच्च सुविधा र महंगो गाडीसंग गरेको, तर हामीले सस्तो मूल्यमा ग्राहकको चाहना र माग अनुसार हाम्रो बजार सुहाउँदो ठीक्क फिचर्सका गाडी आयात गरेका छौ र TOYATA HYLUX भन्दा कम मूल्य परेको हो। यी बेहोरामा चित्त नवुझी अलमलिनु भन्दा Ford Company का विदेश स्थित आधिकारिक विक्रेता संग सोधपुछ गरी सत्य कुरा निक्यौंल गरी वीजक मूल्यलाई मान्यता दिनुहुन अन्यथा भन्सार ऐन, २०६४ को दफा १३(१५)(ख) वमोजिम भन्सारले नै खरिद गरिदिनु भन्ने समेत बेहोराको जवाफ पैठारीकर्ताले द.नं. ३८११ मिति ०७३।३।१५ मा वीरगंज भन्सार कार्यालयमा पेश गरेको।

८. भन्सार ऐन, २०६४ को दफा १३(८),(९), (१०), र (११) अनुरुप पनि मूल्य कायम गर्ने अवस्था नदेखिएकोले सो प्रयोजनका लागि Ford Company Malaysia र Thailand का आधिकारिक Web site मा उल्लेखित मूल्य सूचि र अन्तर्राष्ट्रिय वजारमा TOYATA HYLUX / FORD RANGER मा रहेको मूल्य विचको फरकलाई आधार

लिई मूल्य कायम गर्नुपर्ने देखियो। पैठारी कर्ताले वारम्वार कम फिचर्सका सवारी साधन आयात गरेको भन्ने जिकिर समेत लिएकोले न्यूनतम अन्तर्राष्ट्रिय मूल्य र FORD / HILUX वीचको न्यूनतम मूल्य फरकलाई लिएर मूल्य कायम गर्दा वढी सान्दर्भिक हुनेहुँदा भियतनाममा यी २ ब्राण्ड वीचमा २.०९% ले फरक देखिएकोले नेपालमा TOYATA HYLUX USD 24500.00मा २.००% घटाउँदा USD २३९८७९५ हुन्छ। र अन्तर्राष्ट्रिय मूल्य सूचि मध्ये सबैभन्दा कम मूल्यलाई लिने हो भने फिलिपिन्सको मूल्य USD 24301.24 कायम गर्नुपर्ने हुन्छ। यी दुवै विकल्प मध्ये भियतनाममा FORD / HILUX वीचको न्यूनतम मूल्य फरकलाई लिएर मूल्य कायम गर्दा वढी सान्दर्भिक हुनेहुँदा यस भन्सार कार्यालयवाट पैठारी हुँदा कायम भएको TOYATA HYLUX (2.8GMT, Thailand Origin) प्रति इकाई मूल्य CIF Kolkotta USD 24500.00 वाट भियतनामा Ford Ranger (3.2l AT) र TOYATA HYLUX-3.0G AT) वीच देखिएको मूल्य फरक २.०९% ले हुने रकम USD 512.05 घटाई प्रति इकाई CFR kolkotta USD 23987.95 कायम गर्ने गरी भन्सार ऐन, २०६४ को दफा १३(१२) अनुसार वीरगंज भन्सार कार्यालयवाट भएको मिति २०७३।०३।२१ को निर्णय।

९. GO Automobiles Pvt Ltd. (Pan No. ३०२५९७७०९) ले Hong Kong को RM Asia (HK) Limited Hong Kong (वीजक न. 16-022 तारिख 26 April 2016) वाट ३ थान थाइल्याण्डमा निर्मित Ford Ranger (DOUBLE CAB 3.2L (3198CC) 4x4, 6MT, RHD, Model Code : 1XBX9B 60002 सवारी साधन यस कार्यालयमा भन्सार मूल्य निर्धारणका लागि मिति २०७३।२।१६ मा भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा (३) बमोजिम कारोबार मूल्य घोषणा गरी निवेदन दिनु भएकोमा निवेदन साथ संलग्न वीजकमा उल्लेख भएका गाडीहरूको यस कार्यालयको मिति २०७३।०३।२१ गतेको निर्णयानुसार भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा (१२) वमोजिम प्रति युनिट CFR KOL USD 23,987.95.00 का दरले भन्सार मूल्य कायम गरिएको छ। साथै कारोवार खर्चको हकमा निवेदनमा उल्लेख भए वमोजिम नै कारोवार खर्च (विमा तथा अन्य खर्च) वापत प्रति यूनिट रू.५४,१५२।०० कायम गरीएको बेहोरा समेत जानकारी गराईन्छ, साथै निर्णयमा चित्त नबुझेमा भन्सार ऐन २०६४ को दफा ६१(१) वमोजिम ३० दिन भित्र पुनरावलोकनका लागि मूल्याङ्कन पुनरावलोकन समिति समक्ष निवेदन दिन सकिने व्यहोरा समेत जानकारी गराईन्छ भनी वीरगंज भन्सार कार्यालयको मिति २०७३।०३।२१ च.नं. २४६ को पत्रबाट पैठारीकर्तालाई मूल्य कायम गरिएको सूचना जारी गरेको।

१०. प्रस्तुत विषयमा जि.ओ. अटोमोवाइल्स प्रा.लि., थापाथली, काठमाण्डौ, (स्थायी लेखा नम्वर ३०२५०७७०९) ले पैठारी गरी ल्याएको देहायवमोजिमको मालवस्तुमा वीरगंज भन्सार कार्यालयका भन्सार अधिकृतले देहायवमोजिम कायम गरेको भन्सार मूल्यमा मेरो चित्त नवुझेको हुँदा निम्न तथ्य र प्रमाणका आधारमा सो निर्णय पुनरावलोकन गर्न सम्बन्धित प्रज्ञापनपत्र तथा सोसाथ संलग्न गरी भन्सार कार्यालयमा पेश गरेका सम्पूर्ण कागजातहरुको प्रतिलिपि र भन्सार अधिकृतले दिएको लिखित सूचनाको प्रतिलिपि संलग्न गरी मूल्यांकन पुनरावलोकन गरी पाउँ भन्ने विषयमा यो निवेदन गरेको छु भनी जि.ओ. अटोमोवाइल्स प्रा.लि., थापाथली, काठमाण्डौले मूल्याङ्कन पुनरावलोकन समितिमा मिति २०७३।०४।०४ मा पेश गरेको निवेदन पत्र।

११. वीरगंज भन्सार कार्यालयले WTO Valuation पद्धति अनुसार भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा (१२) वमोजिम मिति २०७३।०३।२१ मा मूल्य वृद्धि गरी गरेको निर्णय सदर हुने ठहर्छ भन्ने समेत बेहोराको मूल्याङ्कन पुनरावलोकन समितिबाट मिति २०७७।०४।१६ मा भएको निर्णय।

१२. Ford कम्पनीको एक मात्र आधिकारिक एजेन्ट पुनरावेदकले पैठारी गरेको उपरोक्त सवारी साधनको कारोवार मूल्य प्रमाणित गर्ने Pro-forma Invoice, Certificate of origin, Letter of Credit, Commercial Invoice, Bill of lading समेत पेश गरेको हुँदा ऐनको दफा १३(१),(२),(३),(४) अनुसार कारोवार मूल्यको आधारमा भन्सार मूल्य कायम गरिनुपर्ने अवस्थामा मात्र दफा १३(६) र (७) बमोजिम प्रक्रिया अवलम्बन गरी दफा १३(८) बमोजिम आइडेन्टिकलल गुडसको कारोवार मूल्यका आधारमा भन्सार मूल्य कायम गर्न सकिने हो। त्यसरी हेरिएमा पनि, पुनरावेदकले विवादित सवारी साधन पैठारी गर्नु अघि नेपालमा पैठारी भैसकेको यस अघि FORD RANGER, DOUBLE CAB, 3.2L (3198CC)4X4, 6MT, RHDMODEL CODE IxBx9B60002 को सबारी साधन मिति २०७२।११।१८ (1 Mar 2016) मा प्र.द.नं. M10296 को प्रज्ञापनपत्र मार्फत वीरगञ्ज भन्सार कार्यालयबाट प्रति गाडी मूल्य USD 19,015.00 कायम भई जाँच पास भएको र मिति २०७२।०१।०२ (2016।04।14) मा प्र.द.नं. M5810 को प्रज्ञापनपत्र मार्फत सुख्खा बन्दरगाह भन्सार कार्यालयबाट प्रति गाडी मूल्य USD 19,015.00 कायम भई जाँच पास भएको छ, सो आइडेन्टिकल गुडसको आधार हेरिएमा पनि पुनरावेदकको घोषित कारोवार मूल्यमा कुनै फरक नरहेको प्रमाणित हुन्छ। त्यस्तो आइडेन्टिकल गुडस पैठारी सम्बन्धी प्रमाण आधार नरहेको स्थितिमा मात्र त्यसपछिका दफा १३(९),(१०),(११),(१२) का प्रावधानहरू क्रमशः आकर्षित हुन सक्ने हो। ती दफा १३ मा उपदफा (६) देखि (११) सम्मका प्रक्रियाहरूको कुनै उल्लेख नगरी एकाएक दफा १३(१२) को प्रयोग गरी हचुवा र आधारहिन तर्कका आधारमा भन्सार मूल्य निर्धारण गरीएको निर्णय सरासर गैरकानूनी र अन्यायपूर्ण हुँदा वदर भागी छ।विपक्षी भन्सार कार्यालयवाट

भएको उक्त मिति २०७३।०३।२१ को भन्सार मूल्य कायम गरीएको निर्णय सूचना तथा सो निर्णयलाई सदर गरेको मूल्याङ्कन पुनरावलोकन समितिको मिति २०७७।०४।१६ को निर्णय समेत गैरकानूनी र अन्यायपूर्ण हुँदा वदर गरी पाउँ भन्ने समेत बेहोराको पैठारीकर्ता जि.ओ. अटोमोवाइल्स प्रा.लि.को तर्फबाट यस न्यायाधिकरणमा मिति २०७७।१०।०७ मा दर्ता भएको पुनरावेदन पत्र।

१३. यसमा मुलुकी फौजदारी कार्याविधि संहिता, २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकीलको कार्यालयलाई पेशीको सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७९।११।१२ मा भएको आदेश।

## ठहर खण्ड

१४. नियम वमोजिम पेशी सूचीमा चढी निर्णयार्थ यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा मिसिल संलग्न पुनरावेदन पत्र, शुरु कार्यालयबाट प्राप्त मिसिल समेत अध्ययन गरी पुनरावेदकका तर्फबाट उपस्थित हुनुभएका विद्वान वरिष्ठ अधिबक्ता श्री चण्डेश्वर श्रेष्ठ र विद्वान अधिबक्ता श्री नितेश श्रेष्ठले भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा (६) देखि (११) सम्मका प्रक्रियाहरूको कुनै उल्लेख नगरी एकाएक दफा १३(१२) को प्रयोग गरी हचुवा र आधारहिन तर्कका आधारमा भन्सार मूल्य कायम हुने गरी सुरु भन्सार कार्यालयबाट भएको निर्णय तथा उक्त निर्णयलाई सदर गर्ने गरी मूल्याङ्कन पुनरावलोकन समिति त्रिपुरेश्वरबाट भएको निर्णय समेत कानूनसम्मत नभएको हुँदा बदर गरी पाउँ भनी गर्नुभएको वहस समेत सुनियो।

१५. प्रत्यर्थी कार्यालयहरुका तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकील कार्यालय, काठमाडौंका विद्वान सहायक न्यायधिबक्ता श्री संगिता थोकरले शुरु वीरगंज भन्सार भन्सार कार्यालय र मूल्यांकन पुनरावलोकन समितिबाट भन्सार ऐन, २०६४ को दफा १३ उपदफा (१२) बमोजिम मूल्य निर्धारण गरी भएको निर्णय कानूनसम्मत रहेको हुँदा सदर होस् भनी गर्नुभएको बहस जिकिर समेत सुनियो।

१६. पुनरावेदक करदाताका तर्फबाट लिइएका पुनरावेदन जिकिर, दुवैतर्फबाट प्रस्तुत बहस बुदाँहरु र मिसिल संलग्न कागज प्रमाणको अध्ययन गरी हेर्दा, वीरगंज भन्सार कार्यालयबाट कायम भएको मूल्य र सोही निर्णय सदर गर्ने गरी मूल्यांकन पुनरावलोकन समितिबाट भएको निर्णय समेत मिलेको छ, छैन? पुनरावेदक पैठारीकर्ताको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन? भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

१७. निर्णय तर्फ विचार गर्दा, जि.ओ. अटोमोवाइल्स प्रा. लि., थापाथली, काठमाण्डौ (स्थायी लेखा नम्बर ३०२५९७७०९) ले वीजक नं. १६-०२२, १६ तारिख २६ अप्रिल २०१६ वाट पैठारी गरेका थाइल्याण्डमा निर्मित FORD RANGER, DOUBLE CAB, 3.2L

(3198CC)4x4, 6MT, RHDMODEL CODE IXBX9B60002 जम्मा ३ वटा सवारी साधनको भन्सार ऐन, २०६४ को दफा १३ (३) वमोजिम भन्सार मूल्य निर्धारणका लागि मिति २०७३।०२।१६ मा निवेदन पेश गरेको देखिन्छ। भन्सार कार्यालयवाट पैठारी हुँदा कायम भएको TOYATA HYLUX (2.8GMT, Thailand Origin) प्रति इकाई मूल्य CIF Kolkotta USD 24500.00 वाट भियतनाम Ford Ranger (3.2l AT) र TOYATA HYLUX-3.0G AT) वीच देखिएको मूल्य फरक २.०९% ले हुने रकम USD 512.05 घटाई प्रति इकाई CFR kolkotta USD 23987.95 कायम गर्ने गरी भन्सार ऐन, २०६४ को दफा १३(१२) अनुसार वीरगंज भन्सार कार्यालयवाट मिति २०७३।०३।२१ मा निर्णय भएको देखिन्छ। वीरगंज भन्सार कार्यालयले WTO Valuation पद्धति अनुसार भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा (१२) वमोजिम मिति २०७३।०३।२१ मा मूल्य वृद्धि गरी गरेको निर्णय सदर हुने भनी मूल्याङ्कन पुनरावलोकन समितिबाट समेत मिति २०७७।०४।१६ मा निर्णय भएको देखिन्छ। भन्सार ऐन,२०६४ को दफा १३ को उपदफा (६) देखि (११) सम्मका प्रक्रियाहरूको कुनै उल्लेख नगरी एकाएक दफा १३(१२) को प्रयोग गरी हचुवा र आधारहिन तर्कका आधारमा भन्सार मूल्य निर्धारण गरीएको निर्णय तथा सो निर्णयलाई सदर गरेको मूल्याङ्कन पुनरावलोकन समितिको मिति २०७७।०४।१६ को निर्णयसमेत त्रुटिपूर्ण हुँदा बदर गरी पाउँ भन्ने नै पैठारीकर्ताको मुख्य पुनरावेदन जिकिर रहेको देखिन्छ।

१८. पुनरावेदक पैठारीकर्ताले मिति २०७३।०२।१६ मा भन्सार ऐन, २०६४ को दफा १३(३) वमोजिम मालबस्तु पैठारी गर्दा घोषणा गरेको कारोबार मूल्यलाई अध्ययन गर्दा अन्तर्राष्ट्रिय बजारमा (Thailand, Malaysia, Philippines) हेर्दा Toyota Hilux भन्दा Ford Ranger को मूल्य बढी हुने, नेपालमा आयात हुँदा प्रस्तुत सवारी साधनको भन्दा कम मूल्य घोषणा भई आयात भएको देखिँदा यी पैठारीकर्ताले घोषणा गर्नु भएको मूल्य वास्तविक कारोवार मूल्य हो भनी विस्वस्त हुन नसकिएको भन्ने भन्सार अधिकृतको विश्लेषण रहेको देखिन्छ। भन्सार ऐन, २०६४ को दफा १३(६) मा *"पैठारीकर्तले उपदफा (३) वमोजिम घोषणा गरेको मूल्य शंङ्कास्पद छ भन्ने विश्वास गर्नुपर्ने मनासिव कारण भएमा भन्सार अधिकृतले निजसँग त्यस्तो मूल्य वास्तविक कारोवार मूल्य हो भनी प्रमाणित गर्न थप कागजात वा प्रमाण लिखित रुपमा माग गर्न सक्नेछ। त्यसरी माग भएका कागजात उपलब्ध गराउने जिम्मेवारी त्यस्तो पैठारीकर्ताको हुनेछ"* भन्ने व्यवस्था रहेको देखिन्छ। उक्त कानूनी व्यवस्था बमोजिम नै FORD RANGER अन्तर्राष्ट्रिय वजारमा महंगो देखिएको तर नेपालमा TOYATA HYLUX USD 24500.00 मा पैठारी भएको मूल्य भन्दा निकै कम मूल्यमा FORD RANGER USD 19015.00 मा आयात भएको देखिएकोले थप प्रष्ट पार्न भनी पैठारी

कर्ताको नाउमा तीन पटक सम्म वीरगंज भन्सार कार्यालयबाट पत्र लेखेकोमा सबुद प्रमाणबाट प्रष्ट पारी भन्सार अधिकृतलाई विस्वस्त बनाउने आधार पुनरावेदकले पेश गरेको देखिन आएन।

१९. भन्सार ऐन,२०६४ को दफा १३ को उपदफा (१२) मा "*उपदफा ११ बमोजिम भन्सार मूल्य निर्धारण गर्न नसकिएमा भन्सार अधिकृतले उपदफा (२),(८),(९),(१०) र ११ विपरीत नहुने गरी मनासिब आधारमा त्यस्तो मालबस्तुको भन्सार मूल्य निर्धारण गर्नेछ*" भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ। त्यस सम्बन्धमा हेर्दा, पैठारीकर्ताले पेश गरेको वीजक तथा सम्बद्ध कागजपत्रहरु समेत अध्ययन गर्दा वास्तविक कारोवार मूल्य यकिन हुन नसकी मिति २०७३।०२।२१ मा प.सं. २०७२/०७३ च.नं. १९१ को पत्रवाट कागजात,प्रमाणहरु वा कुनै सूचनाहरू भए पेश गर्नु हुन भनी पैठारीकर्तालाई भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा (६) बमोजिम पत्राचार गरेकोमा पैठारीकर्ताले मिति २०७३।०३।१५ मा पेश गरेको जवाफमा उच्च सुविधा भएका सवारी साधनसंग आफूले आयात गरेका न्यून फिचर्स भएका सवारी साधन मूल्यबीच तुलना गर्न नमिल्ने समेत व्यहोरा उल्लेख गरे पनि त्रिपक्षीय संझौता पेश गर्न सकेको देखिएन। शुरु भन्सार अधिकृतले अन्तर्राष्ट्रिय ख्याती प्राप्त Ford Company को आधिकारिक Website समेत हेरी अन्तर्राष्ट्रिय बजारमा हाल आयात गरिए जस्तो मोडलको गाडीको मूल्यको तुलनात्मक अध्ययन समेत गरेको देखिन्छ। Ford ले नेपाल जस्तो सानो बजारको लागी छुट्टै Plant राखी कम र न्यून विशेषता भएको सस्तो मूल्यको गाडी उत्पादन गरेको भन्ने प्रमाण मिसिल संलग्न रहेको देखिँदैन भने पैठारीकर्ताले जसको लागी गाडी आयात गरेको हो उक्त पक्षले अन्तर्राष्ट्रिय बजारमा रहेको गाडीमा कुन कुन विशेषता र सुविधा नराखी वा कम राखी के कति कम मूल्यको गाडी आयात गर्ने संझौता गरेको थियो भन्ने तथ्य समेत पैठारीकर्ताले सप्रमाण पुष्टी गर्न सकेको देखिदैन। त्यसैले शुरु बीरगंज भन्सार कार्यालयले WTO Valuation पद्दति अवलम्बन गरी सबै भन्दा सस्तो मूल्य देखिएको भियतनाममा Ford Ranger र Toyota Hilux गाडी वीच देखिएको मूल्य अन्तरलाई आधार लिई बीरगंज भन्सार कार्यालयबाट पैठारी हुँदा Toyota Hilux 2.8 GMT, Thailand Origin को प्रतिइकाइ मूल्य CIF Kolkata USD 24500 बाट भियतनाममा Ford Ranger 3.2LAT र Toyota Hilux 3.0 GAT) बीच देखिएको २.०९% को फरकले हुने मूल्य USD 512.05 घटाई पैठारीकर्ताले आयात गरेको गाडीको मूल्य प्रति इकाई CFR Kolkata USD 23987.95 कायम गरेको निर्णयलाई मनासिव नरहेको भन्न सकिने प्रमाणिक आधार देखिन आएन। त्यसैले आफूले घोषणा गरेको मूल्य नै कायम हुनुपर्ने भनी पैठारीकर्ताले लिएको पुनरावेदन जिकिरसंग सहमत हुन सकिएन।

२०. तसर्थ उल्लिखित आधार र कारणबाट पुनरावेदक पैठारीकर्ता G.O. Automobiles Pvt. L.T.D (स्थायी लेखा नं. ३०२५९७७०९) ले वीजक नं. 16-022 तारिख 26 April 2016 बाट Ford Ranger Double cab 3.2l (3198cc) ३ थान सवारी साधनहरू मिति २०७३।०२।१६ मा आयात गरी जाँचपाँसको लागि वीरगंज भन्सार कार्यालयमा पेश गरेकोमा भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा (१२) बमोजिम मूल्य कायम गरी वीरगंज भन्सार कार्यालयबाट मिति २०७३।०३।२१ मा भएको निर्णय र सोही निर्णय सदर गर्ने गरी मूल्यांकन पुनरावलोकन समितिबाट मिति २०७७।०४।१६ मा भएको निर्णय समेत मिलेकै देखिंदा सदर हुने ठहर्छ। पैठारीकर्ताको पुनरावेदन जिकिर पुग्न सक्दैन। अरुमा तपसिल बमोजिम गर्नू।

<u>तपसिल खण्ड</u>

१. फैसलाको प्रतिलिपी साथै राखी फैसला भएको जानकारी विशेष सरकारी वकील कार्यालय काठमाडौंलाई दिनू।
२. प्रस्तुत फैसलाको विद्युतीय प्रति यस न्यायाधिकरणको सफ्टवेयरमा अपलोड गरी फैसलाको पीठमा जनाउनू।
३. सरोकारवाला पक्षले फैसलाको प्रतिलिपी माग गरेमा लाग्ने दस्तुर लिई नियमानुसार प्रतिलिपी दिनू।
४. प्रस्तुत पुनरावेदनको दायरीको लगत कट्टा गरी शुरू मिसिल बीरगंज भन्सार कार्यालय,पर्सा पठाई रेकर्ड मिसिल नियमानुसार अभिलेख शाखामा बुझाईदिनू।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा मेरो सहमति छ।

बासुदेव खनाल
(लेखा सदस्य)

<u>फैसला तयारीमा सहयोग गर्नेः-</u>
इजलास अधिकृतः- सरिता रिजाल
कम्प्यूटर अपरेटरः- चन्द्र बहादुर नेपाली
फैसला मितिः- २०७९।१२।३०।५
प्रमाणीकरण गर्ने लेखा सदस्यः-
फैसला प्रमाणीकरण मितिः-

राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम ललितपुरको छाप